नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## प्रेस विज्ञप्ति

आज मिति २०८०/४/२१ गते माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतको अध्यक्षतामा अर्थ मन्त्रालयमा आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगती समिक्षा तथा मन्त्रालय स्तरिय विकास समस्या समाधान समितिको वैठक सम्पन्न भयो। समितिको वैठकमा माननीय अर्थमन्त्री डा. महतले अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरुलाई तोकीएको कार्य जिम्मेवारी पूरा गर्न र अपेक्षित लक्ष्य हासिल गर्न उच्च व्यवसायिक दक्षता कायम गरी कार्य सम्पादन गर्न निर्देशन दिनु भयो। साथै मन्त्री महतले नियामक निकायहरुलाई बजारमा स्वच्छ प्रतिस्पर्धा कायम हुने गरी आ-आफ्नो भूमिका सुदृढ बनाउन समेत निर्देशन दिनु भयो। राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मिन वहादुर श्रेष्ठले रोजगारीमा वृद्धि गर्ने गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्न निर्देशन दिनु भयो। गभर्नर श्री महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकले उत्पादन र उत्पादकत्व बढाउने र उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न मौद्रिक नीति मार्फत जोड दिएको उल्लेख गर्नु भयो। समितीको वैठकमा अर्थ मन्त्रालय सम्वद्ध तथा मातहत निकायका प्रमुखहरुद्वारा आ-आफ्नो निकायको वार्षिक प्रगती, उपलब्धी र देखा परेका समस्या बारेमा आ-आफ्नो विचार व्यक्त गरिएको थियो।

(धनिराम शर्मा)
प्रवक्ता/सहसचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.हृ.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np